# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No. २०७९/०८०

मिति:२०७९/०७/०३

**पोखरा विश्वविद्यालयको विभिन्न संकाय (विज्ञान तथा प्रविधि अन्तर्गतको समूह (क), (ख), व्यवस्थापन र मानविकी तथा सामाजिक शास्त्र) को स्नातक तह छात्रवृत्ति छनौट परीक्षामा सहभागी उम्मेदवारहरुको उत्तिर्ण सूचि (Pass List) प्रकाशित सम्बन्धि सूचना !**

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौट समिति २०७९ बाट कक्षा ११ उत्तिर्ण भएका र कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरु समेतलाई पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमानुसार छनौट प्रवेश परीक्षामा सहभागी गराउन मिति २०७९/०५/१६ गतेदेखि मिति २०७९/०६/०५ गतेसम्म अनलाइन दरखास्त फाराम भराइ मिति २०७९/०६/२८ र २९ गते लिइएको व्यवस्थापन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय, विज्ञान तथा प्रविधि संकाय समूह (क) र विज्ञान तथा प्रविधि संकाय समूह (ख) को परीक्षामा सहभागी उम्मेदवारहरुको संलग्न बमोजिमको उत्तिर्ण सूचि **(Pass List)** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको लागी जानकारी गराइन्छ । प्रकाशित उत्तिर्ण सूचिमा रहेको आफ्नो नतिजालाई सम्वन्धित उम्मेदवारहरुले पोखरा विश्वविद्यालयको Website (www.pu.edu.np) मा गई हेर्न सकीनेछ । Scholarship Portal मा गई आफ्नो Gmail र Password लगइन गरी Open भएको Dashboard को Entrance Exam मा नतिजा र सूचना हेर्नुपर्नेछ।

नियम अनुसार समितिले अविलम्ब योग्यताक्रम (Merit List) समेत प्रकाशित गर्नुपर्ने भएको हुँदा आज प्रकाशित **उत्तिर्ण सूचि (Pass List)** मा समावेश भएका तर अनलाईन फाराम भर्दा प्लस टु उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाएका उम्मेदवारहरुले यही मिति २०७९/०७/१४ गतेसम्ममा अनलाईन मार्फत अनिवार्य उक्त डकुमेन्ट बुझाउनुहुन समेत यसै सूचनाबाट सम्वन्धित सबैलाई जानकारी गराईन्छ । प्लस टु उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाउने उम्मेदवारहरुलाई योग्यताक्रम (Merit List) मा समावेश गरिनेछैन ।

उम्मेदवारहरुले ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र अनलाईन मार्फत पेश गर्दा Scholarship Portal मा गई आफ्नो Gmail र Password लगईन गरी Dashboard खोल्ने र Scholarship Profile मा गई Intermediate Education Information मा गएर अपडेट गर्नुपर्नेछ ।

आज प्रकाशित उत्तिर्ण सूचि **(Pass List)** मा समावेश भएका उम्मेदवारहरुले उत्तिर्ण सूचिमा रहेको आफ्नो नाम, ठेगाना, छात्रवृत्ति कोटा र स्कूल टाइपमा चित्त नबुझेमा निवेदन लेखि **puscholarship@pu.edu.np** मा मिति २०७९/०७/१४ गतेसम्म ईमेल पठाई दावी गर्न सकिनेछ । उम्मेदवारहरुले दावी सम्बन्धी निवेदन दिदा आफ्नो **नाम, संकाय, रोल नं., प्राप्त स्कोर र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्नेछ । अन्यथा प्राप्त निवेदन उपर कुनै कारवाही गरिनेछैन ।

पोखरा विश्वविद्यालयको स्नातक तह छात्रवृत्ति छनौट प्रवेश परीक्षामा सहभागी भएका विज्ञान तथा प्रविधि संकाय समूह (क) को रोल नं. 2079-S-FST-27-0993, व्यवस्थापन संकायको रोल नं. 2079-S-MA-25-060 र 2079-S-MA-25-135 का उम्मेदवारहरुले आफ्नो उत्तरपुस्तिकामा नियम विपरित हुनेगरी रोल नम्बर लेखेको र टीक लगाएको पाइएकोले निजहरुको परीक्षा रद्ध गरिएको व्यहोरा समेत सम्बन्धित सबैको लागी जानकारी गराइन्छ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौट समिति, २०७९



CamScanner